

# उनीहरुका आवश्यकताका बारेमा परामर्श गर्ने

तपाईंले यो एक्लै गर्नु पर्दैन । परामर्शले अरुहरुलाई सहयोग गर्न तपाईंलाई आवश्यक सहयोग मिल्नेछ ।

परमेश्वरले तपाईंलाई आफ्नो वार्ड वा शाखाको कुनै एक व्यक्ति वा परिवारलाई उनीहरुका आवश्यकता अनुसार सेवा गर्न आमन्त्रण गर्नुभएकोछ । ती आवश्यकताहरु के हुन् भनेर कसरी पत्ता लगाउने ? परामर्श को सिद्धान्त नै त्यसको सुत्र हो, जुन चर्चमा धेरै महत्व दिइएको छ ।

हामीले केका बारेमा परामर्श गर्ने भन्ने छलफल गरेपछि, हामीले अन्वेषण गर्नेछौँ:

१. स्वर्गमा रहनुहुने पितासँग परामर्श ।

२. तोकिएको व्यक्ति र परिवारसँग परामर्श ।

३. आफ्नो सहकर्मीसँग परामर्श

४. अनि त्यही व्यक्ति वा परिवारलाई तोकिएका अरुहरुसँग परामर्श गर्ने।

हाम्रा अगुवाहरुसँग परामर्श गर्नु पनि आवश्यक छ । भविष्यको *Liahona* मा प्रशासनका सिद्धान्तहरुको लेखले अगुवाहरुसँग परामर्शका साथै त्यो प्रक्रियामा प्रशासनका अन्तरवार्ता को भूमिकाका बारेमा अन्वेषण गर्नेछ ।

## हामीले केका बारेमा परामर्श गर्छौं

एक अर्काको सेवा गर्न आवश्यकताहरु थाहा पाउन जरुरी छ । तर ती आवश्यकता कुन रुपमा लिन सक्छन् र के त्यहाँ आवश्यकताहरु भन्दापनि अरु केही छ जसलाई हामीले पत्ता लगाउनु पर्छ?

आवश्यकताहरु धेरै स्वरुपमा आउन सक्छन् । हामीले सेवा गर्नेहरुले भावनात्मक, आर्थिक, शारीरिक, शैक्षिक र थप चुनौतीहरु सामना गर्न सक्छन् । केही आवश्यकताहरु अरु भन्दा विशेष प्राथमिकतामा हुन्छन् । केहीलाई हामीले सहयोग गर्न सक्छौँ; अरुका लागि हामीले सहयोग लिन पर्ने हुन सक्छ । भौतिक आवश्यकता पूरा गर्ने हाम्रो प्रयासमा हामीले बिर्सिनु हुँदैन कि प्रशासन गर्ने हाम्रो बोलावट अरुलाई करारको मार्गमा प्रगति गर्न, मुक्तिका लागि अत्यावश्यक पादरित्व बिधिहरुका लागि तयारी र प्राप्तिमा सहयोग गर्नु हो ।

व्यक्तिगत वा पारिवारिक आवश्यकताहरुका बारेमा परामर्शका साथै, हामीले उनीहरुका सबल पक्षहरु थाहा पाउनु पर्छ । उनीहरुलाई के को सहयोगले आशीषित  गर्छ ? परमेश्वरको राज्य निर्माणमा उनीहरु कसरी विशिष्ट रुपले मिल्छन् ? कुनै व्यक्तिका सबल पक्षहरु उसको वा उनको आवश्यकता जत्तिकै महत्वपूर्ण हुन सक्छन् ।

## स्वर्गमा रहनुहुने पितासँग परामर्श

हाम्रो आस्थाको एउटा मुख्य विश्वास भनेको यो हो कि स्वर्गमा रहनुहुने पितासँग उहाँका सन्तानसँग बोल्नुहुन्छ (आस्था का बुँदा १:९ हेर्नुहोस्) । जब हामीले अरुको प्रशासनका लागि कुनै नयाँ जिम्मेवारी प्राप्त गर्छौं, उनीहरुका आवश्यकता र सबल पक्षहरु बुझ्न हामीले प्रार्थनामा परमेश्वरसँग परामर्श गर्नु पर्छ । प्रार्थना मार्फत परामर्श गर्ने त्यो प्रक्रिया हाम्रो प्रशासन गर्ने जिम्मेवारीको अवधिभर जारी राख्नु पर्छ ।

### व्यक्तिहरु र परिवारहरुसँग परामर्श

हामीलाई सेवा गर्न बोलावट दिएका व्यक्तिहरु र परिवारहरुसँग कसरी र कहिले कुरा गर्ने भन्ने कुरा परिस्थिति अनुसार फरक हुन सक्छ, तर सम्बन्धहरु निर्माण गर्न र उनीहरुका आवश्यकता, उनीहरु कसरी सहयोग  चाहन्छन् भन्ने लगायत थाहा पाउन व्यक्ति वा परिवारसँग सिधा परामर्श गर्न जरुरी छ । केही प्रश्नहरु राम्रो सम्बन्ध विकास नहुन्जेल पर्खनु पर्ने हुन सक्छ । त्यो गर्न कुनै एक सही तरिका नभएकाले, निम्न कुराहरुका बारेमा विचार गर्नुहोस् :

- उनीहरु कसरीर कहाँ सम्पर्क गरेको चाहन्छन् पत्ता लगाउनुहोस् ।
- उनीहरुका रुचिहरु र पृष्ठभूमिका बारेमा जन्नुहोस् ।
- तपाईंले कसरी सहयोग गर्न सक्नुहुन्छ भन्ने सुझावहरु ल्याउनुहोस् र उनीहरुका सुझावहरु लिनुहोस् ।

जब हामी विश्वास निर्माण गर्छौं, व्यक्तिगत वा पारिवारिक आवश्यकताहरुका बारेमा छलफल गर्न सक्छौँ । पवित्र आत्माको प्रेरणा अनुसार प्रश्नहरु सोध्नुहोस् । [१] उदाहरणका लागि:

- उनीहरुले सामना गर्ने चुनौतीहरु के के हुन्?
- उनीहरुका पारिवारिक वा व्यक्तिगत लक्ष्यहरु के हुन्? उदाहरणका लागि, के उनीहरु नियमित पारिवारिक गृह साँझ गर्ने कुरामा अझ राम्रो गर्न चाहन्छन्, वा अझ बढी आत्मा निर्भर हुन चाहन्छन् ?
- हामीले उनीहरुका लक्ष्यहरु र चुनौतीहरुमा कसरी सहयोग गर्न सक्छौँ ?
- उनीहरुका जीवनमा कस्ता सुसमाचारका विधिहरु औंदैछन् ? उनीहरुलाई तयार हुन हामीले कसरी सहयोग गर्न सक्छौँ ?

विशेष सहयोग गर्न नबिर्सिनुहोला, जस्तै, “यो हप्ताको कुन दिन हामीले तपाईंलाई खाना ल्याउन सक्छौँ ? अस्पष्ट कुरा, जस्तै, “हामीले गर्न सक्ने केही छ भने भन्नुहोस है,” ले त्यति सहयोग गर्दैन ।

### आफ्नो साथीसँग परामर्श

व्यक्ति वा परिवारसँग अन्तरक्रिया गर्दा तपाई र तपाईंको साथी एक साथ नहुन पनि सक्नुहुन्छ त्यसैले साथी साथीका रुपमा प्रेरणाको खोजी गर्दा सँगै समन्वय र परामर्श गर्न जरुरी छ । यहाँ विचार गर्न सकिने केही प्रश्नहरु छन्:

- साथी साथीका रुपमा कसरी र कति पटक एक अर्कासँग सम्पर्क गर्नुहुनेछ ?
- तपाईंहरु हरेकले कसरी आफ्नो व्यक्तिगत सवल पक्षको प्रयोग गरी परिवार वा व्यक्तिगतहरुका आवश्यकताको सेवा गर्न सक्छौँ ?
- त्यो व्यक्ति वा परिवारका बारेमा पछिल्लो पटक कुरा गरेपछि तपाईंले के कुराहरु सिक्नुभयो, तपाईंले केकस्ता अनुभवहरु गर्नुभयो र के प्रेरणहरु प्राप्त गर्नुभयो ?

### जिम्मेवारी दिएका अरुसँग परामर्ष

तपाईंलाई प्रशासन गर्न जिम्मा दिएकै व्यक्ति वा परिवारलाई सेवा गर्न जिम्मा दिएका अरुसँग पनि बेला बेलामा कुरा गर्नु राम्रो हुनेछ ।

### चुनौतीहरुको समाधान गर्न संवाद

सँगै परामर्श गर्दा कसरी चारजनालाई पाल्सी रोग भएको एउटा व्यक्तिलाई येशू ख्रीष्टको माझ आउन दिने भन्ने पत्ता लगाउन सम्भव बनायो भन्ने वर्णन सतरी गणका एल्डर चि होंग(सेम) वङले गर्न मर्कुस २ को एउटा घटनालाई हाम्रो समयमा लागु गर्नुहुन्छ ।

“यसो हुन सक्छ,” एल्डर वङले भन्नुभयो। “पाल्सी रोग लागेको एक व्यक्तिलाई उसको घरमा भेट्न उनीहरुका विशपले दिएको जिम्मेवारीलाई चारजनाले पूरा गर्दैथिए । ...हालसालै बसेको वार्ड परिषदमा, वार्डका आवश्यकताहरुका बारेमा छलफल गरेपछि, विशपले “उद्दारको” जिम्मेवारी दिनुभएको छ । यी चारलाई यो मान्छेलाई सहयोग गर्ने जिम्मा दिएको थियो । ...

“(जब उनीहरु येशू भएको भवनमा आइ पुग्छन्,) कोठा अति नै भरिएको थियो । उनीहरु ढोकाबाट छिर्न सकेनन् । म निश्चित छु कि उनीहरुले सोच्न सकिने हरेक तरिका अपनाए, तर उनीहरु छिर्न सकेनन् । ...अब के गर्ने भनेर उनीहरुले सल्लाह गरे-कसरी उनीहरुले त्यो मान्छेलाई निको पार्न येशू ख्रीष्टको मा ल्याउने।... उनीहरुले एउटा योजना निकाले-सजिलो थिएन तर उनीहरुले त्यसमा कार्य गरे।

“... ‘उहाँ भएको ठाउँको छानो निकाले: र जब उनीहरुले भाँचे, पाल्सी रोगी भएको ओक्ष्यानलाई तल झारे’ (मार्कुस २:४) ।

“... ‘जब येशूले उनीहरुको आस्थालाई देख्नुभयो, उहाँले पाल्सी रोगीलाई भन्नुभयो, पुत्र तिम्रा पापहरु क्षमा गरिएका छन्’ (मार्कुस २:५)।”[२]

### कार्य गर्ने निमन्त्रणा

बाह्र प्रेरित गणका एल्डर डिटर एफ उक्डोर्फ़ले आग्रह गर्नुभयो, “सँग परामर्श गर्नुहोस्, उपलब्ध सबै साधनहरु प्रयोग  गर्नुहोस्, पवित्र आत्माको प्रेरणा खोज्नुहोस्, परमप्रभुलाई उहाँको पुष्टिका लागि सोध्नुहोस् र त्यसपछि आफ्ना बाहुला सार्नुहोस् र काममा लाग्नुहोस् ।

“म तपाईंलाई एउटा प्रतिज्ञा दिन्छु: तपाईंले यो नमुना पालना गर्नुभयो भने तपाईंले को, के, कहिले र कहाँ परमप्रभुको तरिकामा सेवा गर्ने भन्ने विशेष निर्देशन प्राप्त गर्नुहुनेछ” [३]

"प्रशासन सिद्धान्तहरु" का लेखहरुको उद्देश्य हामीलाई एक अर्कालाई स्याहार गर्न सहयोग गर्नु हो-सेवा भेटमा सन्देश दिन होइन । जब हामी आफुले सेवा गर्नेहरुलाई चिन्दै जान्छौँ, हाम्रो स्याहार र दयाका अलावा उनीहरुलाई के सन्देश चाहिन्छ भन्ने कुरा पवित्र आत्माले हामीलाई प्रेरणा दिनुहुनेछ ।

परामर्शको शक्ति

"यदि तपाईं कुनै कुरा सुधार्न चाहनुहुन्छ भने, तपाईले त्यसबारेमा परामर्श गर्नुपर्छ," बाह्र प्रेरित गणका कार्यबाहक अध्यक्ष, एम रासल बलार्डले भन्नुभयो । "जब हामी गर्छौं, संयुक्त कार्य वा सहकारिताको प्रतिफल स्वरूप हामीले आत्मिक शक्ति पैदा गर्छौं जुन प्रभावकारिता वा उपलब्धिमा वृधि हो। यसको प्रतिफल सबै अङ्गहरुको जोड भन्दा ठूलो हुन्छ" (in R. Scott Lloyd, "Counseling with Councils Is Lord's System, Elder Ballard Declares," Jan. 11, 2017, ; "Strength in Counsel," Ensign, Nov. 1993, 77) ।

सम्बन्धहरुको निर्माण पनि सँगै परामर्श गर्नुको महत्वपूर्ण अङ्ग हो । *Liahona को* अगष्ट २०१८ संकरणको पृष्ठ ६ मा "अर्थपूर्ण सम्बन्धहरु निर्माण" भन्ने प्रशासनका सिद्धान्तहरुको लेख पनि हेर्नुहोस् ।

नोटहरू

१. *Preach My Gospel: A Guide to Missionary Service* (2004), 183 हेर्नुहोस् ।

२. Chi Hong (Sam) Wong, "Rescue in Unity," *Liahona,* Nov. 2014, 14–15.

३. Dieter F. Uchtdorf, "Providing in the Lord's Way," *Liahona,* Nov. 2011, 55.

© 2018 by All rights reserved. Printed in USA. English approval: 6/17. Translation approval: 6/17. Translation of *Ministering Principles, September 2018.* Nepali. 15052 372